# विस्तृत जानकारी

लुम्बिनी प्रदेश सरकार
**गुल्मी अस्पताल तम्घास, नेपाल**
**कर्मचारी आवश्यकता सम्वन्धी सूचना,**
**सूचना नं. ०१-०८०।०८१**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०७।१७**

गुल्मी अस्पताल तम्घासको लागि स्वास्थ्य मन्त्रालयको, लुम्बिनी प्रदेशको स्वीकृत अनुसार तपसिल बमोजिमका पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवाम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । आ.व.०८०/०८१ को लागि अस्पतालमा कर्मचारि यकता (दरवन्दी/अ.वि.स/कार्यक्रम) भएमा यस विज्ञापनको नतिजा अनुसार वैकल्पिकको क्रमानुसारलाई विशेष प्राथमिकता दिइनेछ ।

**तपशिल**

| सि.नं | विज्ञापन नं. | पद | श्रेणी/ तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१-०८०/०८१ | डेन्टल सर्जन | आठौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट BDS विषयमा स्नातक तह उतिर्ण गरेको | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |
| २ | ०२-०८०/०८१ | नर्सिङ्ग अधिकृत | सातौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट BNS/BSc नर्सिङ्ग विषयमा स्नातक तह उतिर्ण गरेको र ICU, HAMEODYLASIS तालिम प्राप्त र सम्बधित अनुभवी | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |
| ३ | ०३-०८०/०८१ | रेडियोग्राफर | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |
| ४ | ०४-०८०/०८१ | हे.अ. | पाँचौं | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा (हे.अ) विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |
| ५ | ०५-०८०/०८१ | ल्याव टेक्निसियन | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य ल्याव विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |
| ६ | ०६-०८०/०८१ | डार्करुम असिष्टेन्ट | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट डार्करुम असिष्टेन्ट विषय उतिर्ण गरेको | दरवन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार |

१. परीक्षाको किसिम : लुम्बिनी प्रदेश करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८० बमोजिम हुनेछ।
२. दरखास्त दस्तुर र बुझाउने स्थान : अधिकृतस्तरको लागि रु.१०००।- पाचौ तहको लागि रु.५००।- र चौथो तहको लागि रु.४००।- तम्घास अस्पताल विकास समितीको खाता नं ३०१०१००२०७००७००१,रा.बा.बैंक,तम्घास गुल्मीमा परीक्षा दस्तुर बुझाउनु पर्ने छ अन्यथा जम्मा भएको दस्तुर फिर्ता हुने छैन ।
३. दरखास्त फाराम पाइने तथा बुझाउने स्थान : https://gulmihospital.lumbini.gov.np बाट फाराम डाउनलोड गर्ने र नागरिकता, न्युनतम शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्रका प्रतिलिपी, परीक्षा दस्तुरको सक्कल भौचर सहीत निवेदन साथ कार्यालयमा बुझाउनुपर्नेछ।
४. दरखास्त दिने अन्तिम मिति : २०८०।०८।०१ गते कार्यालय समय भित्र, अन्तिम मितिमा सावर्जनिक बिदा परेमा कार्यालय खुल्दाको दिन नै अन्तिम मिति मानिने छ।
५. उम्मेदवारको उमेरको हद : मिति २०८०।०८।०१ गते सम्म स्वास्थ्य सेवामा अधिकृतस्तरको लागि २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको र सहायकस्तरका पदहरुमा लागि १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको
६. तलबः- करार सेवा अनुसार तथा सम्झौता बमोजिम
७. सम्पर्क मितिः- २०८०।०८।०५
८. परीक्षा मिति र परीक्षा केन्द्र : सम्पर्क मितिका दिन सूचनाबाट जानकारी गराइने छ ।
९. अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा हुने मिति र स्थान : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**य**

१.कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएकोअन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
२. काउन्सिल दर्ता आवश्यक पर्ने पदहरुमा उम्मेदवारले सम्बन्धित परिषदमा दर्ता भएको (म्याद ननाघेको) प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।
३. लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
४. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।
५. यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारीको लागि गुल्मी अस्पताल तम्घास (फोन नं. ०७९५२०२४) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**पदपूर्ति समिती**